**बोलपत्र दस्तावेज (Bid Document)**

**चन्द्रपुर नगरपालिका, रौतहट**

**सूचना**

**ठेक्काको नाम : (चार्जिङ स्टेशन,क्याफे र शौचालय संचालन)**

**ठेक्का नं. १२/२०८२/०८३**

चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रनिगाहपुर, रौतहट मधेश प्रदेश नेपाल

---

**१. परिचयः**

चन्द्रपुर नगरपालिका अन्तर्गत रहेको चार्जिङ स्टेशन, क्याफे र शौचालय संचालनका लागि योग्य, दर्ता प्राप्त व्यक्ति/संस्था/कम्पनीहरूबाट प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गरिएको छ।

---

**२. कार्यको विवरणः**

**कार्यको नामः** चार्जिङ स्टेशन, को चन्द्रनिगाहपुर मूल चोकबट पूर्व तर्फ क्याफे र शौचालय संचालन कार्य।
**स्थानः** चन्द्रपुर नगरपालिका वडा नं. ५ पूर्व पश्चिम राजमार्गको दक्षिणमा अवस्थित चार्जिङ स्टेशन परिसर।
**कार्यको स्वरूपः**

- सार्वजनिक तथा निजी सवारी साधनहरूलाई बिजुली चार्ज सेवा प्रदान गर्ने।
- चार्जिङ स्टेशन परिसरभित्र क्याफे/नास्ता पसल सञ्चालन गर्ने।
- सेवा प्रदान गर्दा उपभोक्ताबाट तोकिएको दर अनुसार सेवा शुल्क संकलन गर्ने। (क्याफेको हकमा सहुलियत दरमा सफा र स्वच्छ खानपानको व्यवस्था गर्ने)

---

**३. ठेक्का अवधिः**

यो ठेक्का सम्झौता ५ (पाँच) वर्षको लागि हुनेछ।

---

**४. शर्तहरू (Terms and Conditions):**

क) सामान्य शर्तहरूः

०८२/९/३०
गंगा कुमारी खड्का
राजश्व शाखा प्रमुख

बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

१.यो ठेक्का सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सञ्चालन हुनेछ।

२. ठेक्का लिने पक्षले कार्य सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरण र स्रोत साधन आफैं व्यवस्थापन गर्नुपर्नेछ।

३. बोलपत्रदाता कर (PAN/VAT) दर्ता भएको हुनुपर्नेछ।

४. बोलपत्र पेश गर्दा तोकिएको दस्तावेजहरू (व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ठेगाना, अनुभव आदि) पेश गर्नुपर्नेछ।

**ख) वित्तीय शर्तहरू:**

१. ठेक्का अवधिभर चार्जिङ स्टेशनबाट उठ्ने सेवा शुल्क अनुसार ठेक्का रकम नगरपालिकासँग सम्झौताअनुसार तिर्नुपर्नेछ। ?

२. विजेता ठेकेदारले ठेक्का सुरुवात मितिदेखि प्रत्येक महिनाको सो स्टेशनमा उठेको सम्पूर्ण बिजुली / खानेपानी अन्य महसुल विल आफैं भुक्तान गरी बिलको प्रति नगरपालिकाको राजश्व शाखामा हरेक महिनाको मसान्त सम्ममा पेश गर्नुपर्नेछ।

३. २ (दुई) महिना सम्म विधुतको विल नतिरेमा स्वतः खारेज हुनेछ। विल अनुसारको रकम ठेक्का वालाबाट असुल गरिनेछ ।

**ग) सेवा सम्बन्धी शर्तहरू:**

१. सेवा प्रदान गर्दा सुरक्षालाई प्राथमिकता दिनुपर्नेछ।

२. चार्जिङ स्टेशन परिसर स्वच्छ र सुरक्षित राख्नुपर्नेछ।

३. क्याफे संचालनका लागि तोकिएको स्वच्छता र मापदण्ड पूरा गर्नुपर्नेछ।

४. ठेक्काको अवधिभर ठेकेदारले कुनै पनि कारण देखाई सेवा बन्द गर्न पाउने छैन।

५. नगरपालिकाले समय समयमा अनुगमन गर्ने अधिकार राख्दछ।

६. सम्झौता उल्लंघन भएमा ठेक्का रद्द गर्न सकिनेछ।

७. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।

---

**५. बोलपत्र दस्तावेज प्राप्ति र पेश गर्ने प्रक्रिया:**

०८२/१/३०
गंगा कुमारी खड्का
राजश्व शाखा प्रमुख

बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

१. इच्छुक बोलपत्रदाताले चन्द्रपुर नगरपालिका, कार्यालयबाट तोकिएको शुल्क बुझाई बोलपत्र फारम लिन सक्नेछन्।

२. बोलपत्र तोकिएको म्यादभित्र बन्द लिफाफामा पेश गर्नुपर्नेछ।

३. तोकिएको समयसीमा भन्दा ढिला आएको बोलपत्र स्वीकार गरिने छैन।

---

६. मूल्यांकन मापदण्ड:

- आर्थिक प्रस्ताव (ठेक्का मूल्य)
- आवश्यक स्वीकृत कागजातहरूको पूर्णता
- अन्य प्रचलित कानून बमोजिम

---

७. थप जानकारी :

थप जानकारीका लागि चन्द्रपुर नगरपालिका, राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ।

८. ठेक्काका शर्त तथा बन्धनहरू (**Terms and Conditions**)

- बोलपत्रदाताले निम्न शर्त तथा बन्धनहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

८.१. कानूनी प्रावधानः

- यस ठेक्का सम्बन्धी सम्पूर्ण कार्यहरू नेपालको प्रचलित कानून, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (र सोका पछिल्ला संशोधनहरू), मधेश प्रदेश कानून तथा चन्द्रपुर नगरपालिकाको स्थानीय कानून बमोजिम हुनेछन्।
- ठेकेदारले ठेक्का सम्झौताको अवधिभर सार्वजनिक खरिद नियमावलीको सबै आवश्यक प्रक्रियाहरू र दायित्वहरू पूरा गर्नुपर्नेछ।

९ सेवा सञ्चालनः

- चार्जिङ स्टेशनः
    - ठेकेदारले स्टेशनमा राखिएका चार्जिंग उपकरणहरूको नियमित मर्मत सम्भार (Maintenance) गरी २४ सै घण्टा सेवा चालू राख्नुपर्नेछ।

गंगा कुमारी खड्का
राजश्व शाखा प्रमुख

बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- चार्जिंग सेवाको शुल्कदर नगरपालिकाबाट स्वीकृत गराउनुपर्नेछ र सो दर सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्नेछ।
- आवश्यक संख्यामा दक्ष कामदार खटाउनु पर्नेछ।
- ठेकेदारले विधुत बापतको शुल्क हरेक महिनाको ३० गते भित्र बुझाई नगरपालिकाको राजश्व शाखामा पेश गर्नु पर्ने छ ।
- ठेकेदारले चार्जिङ्ग मेसिन थप गर्न चाहेमा आफ्नै सम्पूर्ण लगानी लगाई थप गर्न सक्नेछ ।
- क्याफे संचालन गर्दा सरसफाइ, खाद्य गुणस्तर र स्वच्छता सम्बन्धी सम्पूर्ण नियमहरू पालना गर्नुपर्नेछ।
- स्थानीय संस्कृति र वातावरण मैत्री हुनेगरी क्याफेको संचालन गर्नुपर्नेछ।
- ठेकेदारले चाहेमा नगरपालिकाको स्वीकृत लिई चार्जिङ्ग स्टेशनको छेउछाउमा अस्थाई टहरा बनाई उपभोक्तालाई सेवा दिने हेतुले टहरा बनारउन सकिनेछ ।

- **क्याफे संचालकले पालन गर्ने पर्ने शर्तहरु:**
  - चन्द्रपुर नगरपालिकाको सम्झौता अनुसार मात्र काम गर्नु पर्नेछ ।
  - क्याफेमा कफी मेसिन, माईक्रो ओभन, डिप फ्रिजहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
  - चार्जिङ स्टेशन भित्र क्याफे संचालनमा बालबालिकाको प्रयोग गर्न पाईने छैन ।
  - क्याफे संचालन गर्दा नगरपालिकाबाट निर्माण भएका सामाग्रीहरु शौचालयका धारा, प्यान,विधुत बत्ती, महशुल,पानी र सरसफाई को व्यवस्था संचालक आफैले गर्नु पर्दछ ।
  - क्याफेमा मुल्य सुचिको विवरण, दर्ता प्रमाण पत्र र पान नं. को प्रतिलिपि अनिवार्य राख्नु पर्दछ ।

- **मर्मत सम्भार सम्बन्धमा :**
  - चार्जिङ स्टेशनमा निर्माण भएका र रहेका मेसिनरी औजार पुर्वधार साथै अन्य सम्पुर्ण सामाग्रीहरुको मर्मत सम्भार सम्झौता बमोजिम हुनेछ यदि मर्मत सम्भार सम्झौता अनुसार नगरेमा कानुन बमोजिम हुनेछ ।

९.१. मासिक/वार्षिक शुल्क भुक्तानी:

०८३/१/३०
गंगा कुमारी खड्का
राजश्व शाखा प्रमुख

बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्रदाताले नगरपालिकालाई बुझाउने वार्षिक ठेक्का रकम (राजस्व रकम) स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र स्वीकृत हुनेछ।
- ठेक्का रकम [मासिक/वार्षिक] रूपमा अग्रिम भुक्तानी गर्नुपर्नेछ। समयमै रकम दाखिला नगरेमा प्रचलित कानून बमोजिम जरिवाना तथा ठेक्का रद्द हुनेछ।

९.२. मर्मत सम्भार तथा सुरक्षा:

- ठेकेदारले चार्जिंग स्टेशन र क्याफेको सामान्य मर्मत सम्भार र सफाइ नियमित रूपमा गर्नुपर्नेछ।
- सम्पत्तिको सुरक्षाको लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउनु पर्नेछ।

१०. जरिवाना तथा क्षतिपूर्ति:

- सम्झौताको शर्त उल्लङ्घन भएमा वा तोकिएको सेवा प्रदान गर्न नसकेमा नियमानुसार जरिवाना (**Penalty**) लाग्नेछ।
- ठेकेदारको लापरबाहीले नगरपालिकाको भौतिक सम्पत्तिमा क्षति पुगेमा सोको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नुपर्नेछ।

---

११. बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरू

बोलपत्रदाताले आफ्नो प्रस्तावको साथमा निम्न कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ:

१. बोलपत्र फारम: विधिवत् रूपमा भरिएको र हस्ताक्षर गरिएको बोलपत्र फारम।

२. नेपाल सरकारको कर चुक्ता प्रमाणपत्र (आ.व. (नयाँ आ.व. उल्लेख गर्ने) सम्मको)।

३. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

५. धरौटी रकम जम्मा गरेको सक्कल भौचर/बैंक ग्यारेन्टीको कागजात।

६. बोलपत्र दस्तुर जम्मा गरेको सक्कल भौचर/रसिदको कागजात।

७. बोलपत्रदाताको सम्बन्धित कार्यको अनुभव (यदि छ भने) सम्बन्धी प्रमाणपत्र।

८. स्वघोषणा पत्र (कालासूचीमा नपरेको र कुनै सरकारी बक्यौता नरहेको)।

०८२/१/२०
गंगा कुमारी खड्का
राजश्व शाखा प्रमुख

बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner